**<u>मिति २०७८/०७/१४गते आइतबार ११३ औं कार्यपालिका बैठक</u>**

प्रस्तावः

१. तिहार तथा छठ पर्वको शुभकामना सम्बन्धमा ।

२. आर्थिक सहयोग सम्बन्धमा ।(सर्प उद्दारकर्मी, श्री नवदुर्गा पूजा समिति, प्रेस सेन्टर नेपाल, श्री विवेकशिल युवा क्लबलाई धर्ना कप फुटवल प्रतियोगिता संचालनका लागि, शालिकराम राना ।)

३. बजेट व्यवस्थापन सम्बन्धमा ।

३.१ वडा नं. ७ जेष्ठ नागरिक समाजको सामुदायिक भवन निर्माणका लागि ।

३.२ वडा नं. ११ मा सामुदायिक भवन निर्माणका लागि ।

३.३ वडा नं. १६ शहरी स्वास्थ्य केन्द्रमा खानेपानी धारा जडानका लागि ।

३.४ वडा नं. १३ डिपबोरिङको मर्मत संभारका लागि ।

३.५ वडा नं. ४ सिंचाई पाइप उपलब्ध गराउने ।

३.६ वडा नं. ४ सिंचाई पम्पसेट खरिदका लागि ।

३.७ वडा नं. १२ सिंचाई पाइप उपलब्ध गराउने ।

३.८ उद्योग व्यवसाय प्रवर्द्धन शाखालाई बजेट व्यवस्थापन ।

३.९ वडा नं. ११मा सिंचाई पाइप उपलब्ध गराउने सम्बन्धमा ।

४. सामी परियोजना अन्तर्गत रोजगार पार्श्वचित्र निर्माणका लागि गणक छनौट सम्बन्धमा ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

६. जग्गा उपलब्धता सम्बन्धमा ।

७. यान्त्रिक साधनको भाडादर सम्बन्धमा ।

८. १८ नं. वडा कार्यालय परिसरको रिङ कुवा निर्माणको भुक्तानी सम्बन्धमा ।

९. रासी विज्ञान प्रतिष्ठानलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

१०. जग्गा व्यवस्थापन सम्बन्धमा ।

११. कर्मचारी पदपूर्ति सम्बन्धमा ।

**निर्णय नं. १**

नेपालीहरुको महान चाड तिहार तथा छठ पर्वको शुभ अवसरमा नगरवासीहरुमा कोरोनाको संक्रमण कायमै रहेको अवस्थामा स्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गर्दै तडकभडक रहित तरिकाले घर परिवार मै सिमित र सुरक्षित रही चाडपर्व मनाउन अनुरोध गर्दै सम्पूर्ण नगरवासीहरुमा सुख शान्ति सम्वृद्धी एवं सु-स्वास्थ्यका साथै समाजमा चाडपर्वले आपसी मेलमिलापको वातावरण कायम राख्न सकोस भनि हार्दिक मंलगमय शुभकामना व्यक्त गरियो ।

**निर्णय नं. २**

२.१ घोराही १५ भरतपुर निवासी बसन्त सुवेदीले आफु विगत ४ वर्षदेखि घोराही नगर तथा जिल्ला भित्र घरमा पसेका सर्पहरुको उद्दार गरी मानवीय जोखिम र सर्पको उद्दार गर्ने कार्यमा संलग्न रहेकोले उक्त कार्यमा प्रयोग हुने आवश्यक सर्प छोप्ने उपकरण तथा सर्प उद्दारको लागि एक ठाउँबाट अर्को ठाउँमा समयमै पुग्नको लागि मोटरसाइकलको व्यवस्था गरीदिनुहुन भनि यस कार्यालयमा निवेदन दिनुभएकोले उहाँले माग गर्नु भए बमोजिमका उपकरण तथा साधन घोराही उपमहानगरपालिकाको तर्फबाट उपलब्ध गराउने।

२.२ श्री नवदुर्गा पूजा समितिले विजया दशमीका पावन अवसरमा नवदुर्गा भवानीको स्वचालित मूर्ति स्थापना गरी भव्य रुपमा मनाउने कार्यक्रम रहेकोले उक्त कार्यक्रम संचालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि मिति २०७८।६।२५ गते यस कार्यालयमा निवेदन प्राप्त भएकोले श्री नवदुर्गा पूजा समिति घोराही दाङलाई घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहयोग शीर्षकबाट रु.१२०००।(बाह्र हजार) उपलब्ध गराउने ।

२.३ प्रेस सेन्टर नेपाल दाङ शाखाले मिति २०७८।०७।०९ गते संगठनको चौथो जिल्ला सम्मेलन कार्यक्रम रहेकोले उक्त कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोगका लागि मिति २०७८।०७।०५गते यस कार्यालयमा निवेदन प्राप्त भएकोले प्रेस सेन्टर नेपाल दाङ शाखालाई रु. २५०००।– (पच्चीस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

२.४ घोराही उपमहानगरपालिका वडा नं. ५ स्थित श्री विवेकशील युवा क्लवले मिति २०७८।०७।१३ गतेदेखि २०७८।०७।१८ गतेसम्म घोराही उपमहानगरपालिका धर्नामा धर्ना कप फुटवल प्रतियोगिता सञ्चालनको लागि ५ नं. वडा कार्यालयको च.नं. ६७८, मिति २०७८।०७।०९ गतेको सिफारिससाथ आर्थिक सहयोग माग भई आएकोले श्री विवेकशील युवा क्लवलाई घोराही उपमहानगरपालिकाको विविध कार्यक्रम खर्च शीर्षकबाट रु. २५०००।– (पच्चीस हजार) उपलब्ध गराउने ।

२.५ घोराही उपमहानगरपालिकाको १ नं. वडा कार्यालयको च.नं. ३५१, मिति २०७८।७।१२ गतेको सिफारिस अनुसार वडा नं. १ बस्ने शालिकराम रानाको छोरा प्रेम बहादुर रानाको मिति २०७८।५।६ गते चेपे डयाममा डुवि मृत्यु भएकोले उहाँलाई(शालिकराम राना) आर्थिक सहायता स्वरुप रु. २५०००।– (पच्चीस हजार) घोराही उपमहानगरपालिकाको नगरस्तरीय स्थानीय विपद व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउने ।

**निर्णय नं. ३**

**३.१** घोराही उपमहानगरपालिका वडा नं.७ स्थित सगरमाथा टोलमा जेष्ठ नागरिक समाजको सामुदायिक भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्थापनका लागि ७ नं. वडा कार्यालयको च.नं. ६२९ मिति २०७८।०६।२५ गतेको सिफारिससाथ प्राप्त भएकोले उक्त भवन निर्माणका लागि ल.ई तयार गरी भवन निर्माणको व्यवस्था मिलाउने ।

**३.२** घोराही उपमहानगरपालिका वडा नं. ११ स्थित मुलखोली र विजयउत्सव टोल विकास संस्था अन्तर्गत विभिन्न समूहहरु र संस्थाहरुको बैठक बस्ने प्रयोजनका लागि २ कोठे सामुदायिक भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरिदिनुहुन भनि ११ नं. वडा कार्यालयको च.नं. १०१५ मिति २०७८।०६।१५ गतेको सिफारिससाथ प्राप्त भएकोले उक्त भवन निर्माणका लागि ल.ई तयार गरी भवन निर्माणको व्यवस्था मिलाउने ।

**३.३** घोराही उपमहानगरपालिका वडा नं. १६ स्थित शहरी स्वास्थ्य केन्द्रमा खानेपानी धारा जडानका लागि १६ नं. वडा कार्यालयको च.नं. १५४६, मिति २०७८।०७।०४ गतेको सिफारिससाथ प्राप्त भएकोले धारा जडानका लागि वडाबाट प्राप्त ल.ई अनुसारको रकम रु. ७०,०००।– (सत्तरी हजार) घोराही उपमहानगरपालिकाको स्वास्थ्य संस्थाहरुलाई सहायता शीर्षकबाट भुक्तानी दिने ।

**३.४** घोराही उपमहानगरपालिका वडा नं. १३ स्थित सुविधानगर खानेपानी तथा सरसफाई समितिको डिप बोरिङ खनेको माथि तर्फ भित्तामा पहिरो गएकोले उक्त पहिरो नियन्त्रणका लागि पर्खाल लगाउनु पर्ने भएको हुँदा पर्खाल निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिदिनुहुन भनि १३ नं. वडा कार्यालयको च.नं. ९२१, मिति २०७८।०६।११ को सिफारिससाथ प्राप्त भएकोले डिपबोरिङको संरक्षणका लागि घोराही उपमहानगरपालिकाको विविध कार्यक्रम खर्च शीर्षकबाट रकम रु. २,००,०००।– (दुई लाख) उपलब्ध गराउने ।

**३.५** घोराही उपमहानगरपालिका वडा नं. ४ स्थित मनैया टोलमा सिंचाईका लागि बोरिङ खन्ने काम सम्पन्न भई पाइप विस्तारको चरणमा रहेको तर पाइप अभावको कारण उक्त योजना सम्पन्न हुन नसकेकोले पाइप सहयोगका लागि ४ नं. वडा कार्यालयको च.नं. ३३०७ मिति २०७८।३।२४को सिफारिससाथ पाइप उपलब्ध गराइदिनुहुन भनि अनुरोध भै आएकोले रु. १,००,०००।– (एक लाख) बराबरको पाइप घोराही उपमहानगरपालिकाको विविध कार्यक्रम खर्च शीर्षकबाट खर्च हुनेगरी खरिद गरी उपलब्ध गराउने ।

**३.६** घोराही उपमहानगरपालिका वडा नं. ४ स्थित बाह्रहाङ्गे टोलमा खेति योग्य जमिन सिंचाई गर्नका लागि १(एक) थान पम्पसेट र पाइप खरिद गर्नु पर्ने भएको हुँदा आवश्यक बजेटको व्यवस्थाका लागि ४ नं. वडा कार्यालयको च.नं. १०५३, मिति २०७८।०७।०८ को सिफारिस पत्रसाथ प्राप्त लागत अनुमान अनुसारको रकम रु. २,००,३७०।-(दुई लाख तिन सय सत्तरी) बराबरको पम्पसेट तथा पाइप घोराही उपमहानगरपालिकाको विविध कार्यक्रम खर्च शीर्षकबाट खर्च हुनेगरी खरिद गरी उपलब्ध गराउने ।

३.७ घोराही उपमहानगरपालिका वडा नं. १२ स्थित परिवर्तन टोलमा अन्दाजी २० बिगा क्षेत्रफलमा पम्पसेटद्धारा सिंचाई गर्नका लागि आवश्यक ५०० मी. पाईप उपलब्ध गराइदिनुहुन भनि १२ नं. वडा कार्यालयको च.नं. ६५६ मिति २०७८।०६।१२ गतेको सिफारिससाथ अनुरोध भई आएकोले उक्त लिफ्ट सिंचाई आयोजना परिवर्तन टोललाई सिंचाईका लागि रकम रु.२०००००।–(दुई लाख) बराबरको पाइप घोराही उपमहानगरपालिकाको विविध कार्यक्रम खर्च शिर्षकबाट खर्च हुने गरी खरिद गरी उपलब्ध गराउने ।

३.८ घोराही उपमहानगरपालकाको उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा अन्तर्गत लघु उद्यम विकास कार्यक्रम (मेडपा) कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाउन बैठक व्यवस्थापन तथा अनुगमनका लागि आवश्यक बजेट संघीय सरकार तथा घोराही उपमहानगरपालिकाको वार्षिक कार्यक्रमहरुमा समेत बजेट विनियोजन नभएको हुँदा उक्त कार्यक्रम सञ्चालनका लागि शाखाबाट प्रस्ताव गरिए बमोजिमको रकम रु. १०१०००।–(एक लाख एक हजार) घोराही उपमहानगरपालिकाको कार्यक्रम खर्च शिर्षकबाट खर्च हुने गरी खर्चको स्वीकृत दिने ।

३.९ घोराही उपमहानगरपालिकाको वडा नं. ११ को च.नं. ३२६१ मिति २०७८।०३।२२ गतेको सिफारिस अनुसार वडाका विभिन्न टोलहरुमा नहर वर्षातको कारणले क्षति पुगी सिंचाईमा अवरोध भएकोले उक्त नहर सुचारु गर्नका लागि विभिन्न साइजका सिंचाई पाइप उपलब्ध गराइदिनुहुन सिफारिससाथ अनुरोध भएकोले नहर सुचारुका लागि आवश्यक स्थलगत निरिक्षण गरी पाइप उपलब्ध गराउने ।

## निर्णय नं. ४

घोराही उपमहानगरपालिकामा संचालित सुरक्षित आप्रवासन (सामी)परियोजनाले उपमहानगरपालिका क्षेत्र भित्र समग्र वर्तमान रोजगारीको अवस्था अवसर तथा सवालहरुको पहिचान गरी आन्तरिक रोजगारीको क्षेत्र प्रवर्द्धन गर्ने र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने नीति योजना तथा रणनीति बमोजिम नगरको समग्र रोजगार पार्श्वचित्र निर्माणका लागि आवश्यक तथ्याङ्क संकलन गर्न घोराही उपमहानगरपालिकाको प्रत्येक वडाबाट १/१ जना गणक छनौट गरी पठाइदिनुहुन भनि सामी परियोजनाबाट अनुरोध भई आएकोले तपसिल बमोजिम योग्यता पुगेका गणक छनौट गरी मिति २०७८।०७।१७ गते भित्र पठाउन सबै वडा कार्यालयहरुलाई अनुरोध गर्ने ।

## तपसिल

- गणकको शैक्षिक योग्यता १२ कक्षा उत्तिर्ण हुनुपर्ने ।
- उमेर ४० वर्ष ननाघेको हुने पर्ने ।
- सामाजिक समावेसीकरणको नीति अवलम्बन गरी सम्बन्धीत वडाको बासिन्दा नै छनौट गर्नुपर्ने ।
- गणक छनौट गर्दा सम्भव भएसम्म वैदेशिक रोजगारबाट फर्केको व्यक्तिलाई प्राथमिकता दिने ।
- गणकसँग Android mobile phone हुनुपर्ने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिको मिति २०७८।०७।०५ गते बसेको बैठकको देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने ।

५.१ आ.व. २०७८/०७९मा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनका लागि पहिलो चरणमा रु.३१२२०००।– र युवा रुपान्तरणको पहल आयोजना सञ्चालनका लागि रु.३८४१०००।– गरी कुल ६९६३०००।– सशर्त अनुदानका रुपमा प्राप्त भएको हुँदा सो रकमलाई तपसिल बमोजिम वडा कार्यालय मार्फत संकलन भएका सुचिकृत वेरोजगार व्यक्तिको संख्या अनुसार बजेट बाँडफाँड गर्ने ।

तपसिलः

| वडा नं. | सूचिकृत वेरोजगार व्यक्तिको संख्या | बजेट बाँडफाँड |
|---|---|---|
| १ | ७८ | ८०००००।- |
| २ | २३ | २९००००।- |
| ३ | ११५ | ११०००००।- |
| ४ | २३ | २९००००।- |
| ५ | ५१ | ५०००००।- |
| ९ | ४ | ० |
| ११ | ३९ | ४०००००।- |
| १२ | ४९ | ५०००००।- |
| १४ | २० | २७००००।- |
| १८ | २७ | ३१३०००।- |
| १९ | २५० | २५०००००।- |
| | ६७९ | रु.६९६३०००।- |

**५.२** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/०७९का लागि वडा कार्यालय मार्फत माग गरिएका आयोजना मध्ये सत प्रतिशत ज्याला भुक्तानी गर्न सकिने आयोजना र वडा कार्यालयहरुले संचालन गर्ने वार्षिक कार्यक्रममा समावेश आयोजनाहरु मध्येबाट ज्याला साझेदारी गर्ने गरी लागत साझेदारीमा आयोजना संचालन गर्न सकिने व्यवस्था अनुसार प्राप्त तपसिल अनुसारका आयोजना बैकको रुपमा रहेका आयोजनाहरुलाई प्राथमिकताको क्रम अनुसार संचालन गर्ने ।

| क्र.सं. | आयोजनाहरुको नाम | वडा नं. |
|---|---|---|
| १ | सिमलतारा बुढाटोल पिपलवुटा देखि मालझाकी सम्मबर्खे पानी संकलनका लागि कुलो निर्माण | १ |
| २ | सिमलतारा देखि अट्टाइसे स्कुल जाने बाटो मर्मत | १ |
| ३ | हर्नोक बलाजुरे सडक विस्तार | १ |

| | | |
|---|---|---|
| ४ | विर बहादुर विष्टको घर देखि टुक बहादुर पुनको घर सम्मजाने बाटो मर्मत | १ |
| ५ | हर्नोकदेखि मान्द्रे सडक विस्तार | १ |
| ६ | रामपुर बालपुर सडक मर्मत | २ |
| ७ | रामपुर भुजेडाँडा, निमुरिया सडक मर्मत | २ |
| ८ | साहीपुर, कालीमाटी सडक मर्मत | २ |
| ९ | रामपुर मोतिपुर सडक मर्मत | २ |
| १० | वि.पि. मार्ग भट्टेटार, बलाम्पुर सडक मर्मत | २ |
| ११ | वि.पि.मार्ग सुर्केडाँगी हुदैं चाख्लीघाट सडक मर्मत | २ |
| १२ | वि.पि.मार्ग देखि सत्ताले सडक मर्मत | २ |
| १३ | सुर्केडाँगी अघर्रे मोतिपुर पलासे चोक सम्म सडक मर्मत | २ |
| १४ | निमुरीया स्कुल देखि बालापुर सडक मर्मत | २ |
| १५ | वि.पि. मार्ग मलुके सोता सडक मर्मत | २ |
| १६ | मुक्तीथापाको घर देखि पुन्टेको घर सम्म सडक मर्मत | २ |
| १७ | वि.पि.मार्ग अघर्रे सडक मर्मत | २ |
| १८ | सान्ताराम चौधरीको पसल देखि लामीडाँडा बबै सम्म सडक मर्मत | २ |
| १९ | साजखुट्टी देखी सुङ्गुरे खोलाहुदैं जुरपानी जोड्ने बाटो मर्मत | ३ |
| २० | सिजुटोलमा तटबन्धन | ३ |
| २१ | सुङगुरे खोलादेखि सिजुटोल जाने बाटो मर्मत | ३ |
| २२ | मसोटखोला पुलको पहिलो घुम्ती देखी साजखुट्टी सम्म नयाँ ट्याक निर्माण | ३ |
| २३ | मसोटखोला पुलदेखि थकरे खोलाहुदैं करी लेखको मन्दिर जाने बाटोको ट्याक निर्माण | ३ |
| २४ | रनघरादेखि चमेरी गुफा जाने बाटो मर्मत | ३ |
| २५ | रनघरा भित्रीगाउँमा नाला मर्मत | ३ |
| २६ | लक्ष्मीपुर शिवटोल हिउदे सिचाई कुलो पक्की निर्माण | ४ |
| २७ | सुनपुर थारुगाउँ सिचाई कुलो पक्की निर्माण | ४ |
| २८ | सुनपुरदेखि वालिम जोड्ने बाटो संरक्षणका लागि वाल निर्माण तथा तारजालि | ४ |
| २९ | वालिम टोल पनवटुवा देखि गोरे डागीको घर सम्म पक्की सिचाई कुलो निर्माण | ४ |
| ३० | बि.पि. मार्ग टोल हिउदे सिचाई कुलो पक्कीनिर्माण | ४ |
| ३१ | सुनपुर मयूर सिचाई कूलो निर्माण | ४ |
| ३२ | सरिकोट पालुथान देवी भगवती मन्दिर जाने बाटो मर्मत संभार | ५ |
| ३३ | बुढाथोकीको छोरीको घरदेखी गिरीको घरहुदैं मदे रावतको घरसम्म जाने सडकको नाला निर्माण | ५ |
| ३४ | हरियाली टोलको घर्तिटोलमा सडकको नाला निर्माण | ५ |
| ३५ | पिपल टाकुराबाट रज्जे मन्नामे जाने बाटो मर्मत संभार | ५ |
| ३६ | धारापानीदेखी डाँगीगाउँसम्मको सडक मर्मत संभार | ५ |
| ३७ | खुमकोट देखी चाचलासम्म सडक स्तरउन्नती | ११ |
| ३८ | पालुथानदेखि खुमकोटसम्म सडक मर्मत | ११ |
| ३९ | बगाले काप्रेदह सडक मर्मत | ११ |
| ४० | बाँसगजेरी काप्रेदह सडक मर्मत | ११ |
| ४१ | घोराही ११का विभिन्न स्थानमा सडक नाला सफाई | ११ |
| ४२ | धैरेनीकुलो वाल निर्माण तथा मर्मत | १२ |
| ४३ | तल्लो साहिपुर पुर्व थारुगाउँ साहिपुरे कुलामा २०० मीटर पक्की नाला निर्माण | १२ |

| | | |
|---|---|---|
| ४४ | माराकोट जाने सडक मर्मत | १२ |
| ४५ | खजुरे सामुदायिक वन सुरक्षा योजना | १२ |
| ४६ | गोर्खा टोल, सिर्जनशील टोलमा क्रियापुत्री ट्स निर्माण | १४ |
| ४७ | सिर्जनशील टोलको जरुवा संरक्षण | १४ |
| ४८ | सुन्दरनगरमा जरुवा संरक्षण | १४ |
| ४९ | जागृती टोलमा वाल निर्माण | १४ |
| ५० | कवर्ड हल अगाडिको चौतारी निर्माण | १४ |
| ५१ | जानकी र एकताको सिमानामा पर्ने चौतारी निर्माण र मर्मत | १४ |
| ५२ | पशुपति सामुदायिक वनको पर्खाल निर्माण | १४ |
| ५३ | मनकामना सामुदायिक हरित पार्कमा बिरुवा गोडमेल संरक्षण | १४ |
| ५४ | झिगौरा टोलमा बिन्तीराम चौधरीको घरदेखि घोराही तुल्सीपुर जोड्ने सडक गोरेटो बाटो निर्माण | १४ |
| ५५ | जानकी र सिर्जनशील टोलको सिमाना पर्ने नाला मर्मत | १४ |
| ५६ | १४. नं वडाको विभिन्न स्थानमा नाला मर्मत र नाला सरसफाई | १४ |
| ५७ | विभिन्न ठाउका अधुरो नाला सम्पन्न गर्ने | १४ |
| ५८ | विद्यालयहरुको सरसफाइ, विरुवा रोपन र कक्षा कोठा मर्मत | १४ |
| ५९ | सुंगुरे टोलको कुसुमखुटीमा १५ घर धुरीको खेतवारी सिचाई हुने कुलो निर्माण | १८ |
| ६० | अमिले तल्लो बयालिकोट अटो सडक निर्माण | १९ |
| ६१ | पाखापानी सिंचाई पोखरी निर्माण | १९ |
| ६२ | राम्चे शिवमन्दिर तथा पैदल सिढी निर्माण | १९ |
| ६३ | झकलडाँडा लेख सडक निर्माण | १९ |
| ६४ | मौरिधारा गोइलाचौर अटो सडकनिर्माण | १९ |
| ६५ | पलासे खोला खानीगाउँ सडक खण्डमा वाल निर्माण | १९ |
| ६६ | पलासे सैघा वडा कार्यालय सडक खण्डमा वाल निर्माण | १९ |
| ६७ | वडा नं.१९ कार्यालयको कम्पाउण्ड वाल तारवार निर्माण | १९ |
| ६८ | पाँचपोखरी सामुदायिक मण्डली भवन निर्माण | १९ |
| ६९ | लेख खानीगाउँ सामुदायिक मण्डली भवन निर्माण | १९ |
| ७० | राम्चे सामुदायिक मण्डली भवन निर्माण | १९ |
| ७१ | त्रिसाङ सामुदायिक मण्डली भवन निर्माण | १९ |
| ७२ | सैघा सामुदायिक भवन मर्मत | १९ |
| ७३ | त्रिवेणीटोल विकास संस्थाको भवन निर्माण | १९ |
| ७४ | अमेलिया रामजिम कलभर्ट निर्माण | १९ |
| ७५ | मदन आश्रित टोल विकास संस्थाको गोलघर निर्माण | १९ |
| ७६ | सुनालिथान मन्दिर मर्मत | १९ |
| ७७ | वेवरधारा पिलिडाँडा सिचाई पोखरी निर्माण | १९ |
| ७८ | सरालिखोला राम्चे पाखापानी खानेपानी मर्मत | १९ |
| ७९ | रालवाङ तल्लो बस्तीमा अटो सडक निर्माण | १९ |
| ८० | होडवाङ ठुलाचौर रिठाखर्क भेडावारी कुरधारा च्यानघनट सडक निर्माण | १९ |
| ८१ | लाखुरी बजारमा रोसन स्मृती प्रतिक्षालय निर्माण | १९ |
| ८२ | बोल्दी सैघा सडक निर्माण | १९ |
| ८३ | राजारजवाली प्रा.वि.मा फिल्ड वाल निर्माण | १९ |

| | | |
|---|---|---|
| ८४ | सातम बराहथान अटो सडक निर्माण | १९ |
| ८५ | एक टोल एक सिचाई पोखरी निर्माण | १९ |
| ८६ | धिमधिमे मन्दिर तारवार संरक्षण | १९ |
| ८७ | लाखुरी बजारदेखि थानडाँडा भगवती मन्दिरसम्म पैदल सिढी निर्माण | १९ |
| ८८ | पलासे कोलवन अटो सडक निर्माण | १९ |
| ८९ | दुइखोली गलेनाअटो सडक निर्माण | १९ |
| ९० | सिध्दार्थ प्रा.वि. को फिल्ड वाल निर्माण | १९ |
| ९१ | भगवती मा.बि.को फिल्ड वाल निर्माण | १९ |
| ९२ | पेदीबाहा खोप केन्द्र भवन मर्मत संरक्षण | १९ |
| ९३ | तल्लो गोठिवन अटो सडक निर्माण | १९ |
| ९४ | सुनालीथान राष्टिय प्रा.वि. लिथान अटो सडक निर्माण | १९ |

५.३ वेरोजगार निवेदनको ढाँचा अनुसार सम्पूर्ण विवरण पेश गरी वडा कार्यालय मार्फत निवेदन दिएका कुल ६७९ जना व्यक्तिहरुलाई वेरोजगारको रुपमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत गर्ने ।

**निर्णय नं. ६**

६.१ घोराही उपमहानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. १७०५ मिति २०७८।०७।११ गतेको सिफारिस पत्र तथा मिति २०७८।०७।१० गते बसेको वडा समितिको बैठकले घोराही १६ लेटार टोल स्थित बुद्धिराम चौधरीको घरको मुल बाटो पूर्व र लेटार हुँदै जनकपुर डावर जाने कुलोको विचमा रहेको करिब ०-२-० जग्गा लक्षिन प्रसाद बुढा स्मृति प्रतिष्ठानलाई भोग चलनको अनुमति प्रदान गरिदिनुहुन भनि सिफारिस भई आएकोले सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनिति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

६.२ श्री मा.वि. जजरागाँउ दाङले हाल वडा नं. ६ अघरा साविक सौडियार गाविस वडा नं. १ मा रहेको साविक भैसकुर्मा वडा नं. २ क ७५५, ५९२ को क्रमश ज.बि. १-१-८ १-७-१२ सरकारी जग्गा विद्यालयले विगतदेखि भोगचलन गर्दै आइरहेको र हाल उक्त जग्गा विद्यालयलाई नयाँ भवन निर्माणको लागि आवश्यक भएकोले ६ नं. वडा कार्यालयको च.नं. ६३७, मिति २०७८।०७।१४ गतेको सिफारिस अनुसार उक्त जग्गा विद्यालयलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनिति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

६.३ दश वर्षे जनयुद्धमा बेपत्ता भएका परिवारको आवास ट्रस्ट निर्माणको लागि घोराही उपमहानगरपालिका वडा नं. १४ स्थित ७घ कित्ता नं. ३८ को अन्दाजी ७ धुर ऐलानी जग्गा उपलब्ध गराई दिनुहुन भनि १४ नं. वडा कार्यालयको च.नं. ९३०, मिति २०७८।७।१४ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त जग्गा सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकामा रहेका तपसिल अनुसारका यान्त्रिक साधनहरु भाडामा दिने सम्बन्धमा तपसिल अनुसारको दररेट कायम गर्ने । यान्त्रिक साधन भाडामा लैजाने पक्षले यान्त्रिक साधनमा लाग्ने आवश्यक सबै इन्धनजन्य पदार्थहरु र यान्त्रिक साधन अपरेटरको खाना तथा खाजाको व्यवस्था मिलाउनुका साथै अपरेटरलाई प्रति कार्यदिन(८ घण्टा वा सो भन्दा कम जति सुकै अवधि)को लागि कम्तिमा रु.८६२।– का दरले भत्ता उपलब्ध गराउनुपर्नेछ ।

**तपसिलः**

| S.N. | Equipment | Activity/Uses | Total Cost(NRs/Hr) |
|---|---|---|---|
| 1 | Dozer | Earthwork | 2180 I - |
| 2 | Excavator | Excavation/Earthwork | 2000 I - |
| 3 | Loader | Material Loading | 2000 I - |
| 4 | Motor Grader | Laying | 2100 I - |
| 5 | Pneumatic Roller | Compaction | 2200 I - |

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाको १८ नं. वडा कार्यालय परिसरमा निर्माण गरिएको रिङ कुवा निर्माण सम्पन्न भई सकेकोले सिता रिङ उद्योगलाई कुवा निर्माणको रकम भुक्तानीका लागि १८ नं. वडा कार्यालयको च.नं. मिति २०७८।०७।१४ गतेको सिफारिस साथ प्राप्त भएकोले सिता रिङ उद्योग घोराही दाङलाई विल अनुसारको रकम रु. १८०००।–(अठार हजार) घोराही उपमहानगरपालिकाको निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार शीर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको मिति २०७७।०६।१८ गते बसेको ९१औं कार्यपालिका बैठकको निर्णयबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मुकाम बुटवललाई टिस्यु कल्चर स्थापनाका लागि वडा नं. १८ अन्तर्गत घोराही ३ (ग) अवस्थित कित्ता नं. ६५, ७१, १५८ र १५९ को जम्मा १९,०९७ वर्गमिटर तथा घोराही ३ (ग) कित्ता नं. ६६, ६७, ४०, ७७ र ७८ को जम्मा १,३८,६३३ वर्गमिटर जग्गा प्रादेशिक कृषि बजार स्थापनाका लागि छनौट गरिएकोमा कृषि बजार स्थापनाका लागि उक्त जग्गा उपयुक्त नदेखिएको भनि स्थानीय आम भेलाले नवलपुर बहुउद्देश्यीय सरोकार समिति नामक तदर्थ समिति गठन गरी समिति र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान विच सम्झौता समेत भइसकेको साथै १८ नं. वडा कार्यालयको च.नं. १३८८, मिति २०७८।०७।१४ गतेको सिफारिस समेत प्राप्त भएकोले टिस्यु कल्चर स्थापनाको लागि दिएको जग्गा यथावत राख्दै प्रादेशिक कृषि बजार स्थापनाका लागि उपलब्ध गराइएको जग्गा कित्ता नं. ६६, ६७, ४०, ७७ र ७८ को जम्मा १,३८,६३३ वर्गमिटर जग्गा राप्ती विज्ञान स्वास्थ्य प्रतिष्ठानलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति २०७१ बमोजिम निःशुल्क उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

## निर्णय नं. १०

घोराही उपमहानगरपालिकाको मिति २०७८।०३।०३ गते बसेको १०६ औं कार्यपालिका बैठकको निर्णय नं १२ समेतको आधारमा चालु आ.व. २०७८/०७९मा यस उपमहानगरपालिका अन्तर्गत संचालन हुने आयोजनाहरुको लागि तपसिल बमोजिम विवरण भएको जग्गा व्यवस्थापन गर्न जग्गा प्राप्ति ऐन २०३४ बमोजिम प्रक्रिया अगाडी बढाउन सहमतिको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने ।

तपसिलः

| क्र.सं. | जग्गा धनीको नाम थर | जग्गाधनीको ठेगाना | कित्ता नं. | बाटोको लागि खरिद गर्नुपर्ने जग्गाको अनुमानित क्षेत्रफल (वर्ग मिटर) | सम्बन्धीत परियोजनाको विवरण |
|---|---|---|---|---|---|
| १ | रेखा पुन मगर | घोराहि ३ झिङ्नी | ७क ७०७ | ७५ | घोराही उपमहानगरपालिका भित्र निर्माणाधीन दामोदर सडक(कुइरेपानी-सर्रा) खण्ड अन्तर्गत घोराही ३ कुइरेपानीमा बाटो निकासका लागि निजी जग्गा खरिद गर्नुपर्ने । |
| २ | झग्गु प्रसाद जोशी | घोराहि ४ | ७क १६७८ | ११८ | |
| ३ | ललिता पन्थी भण्डारी | घोराहि १३ | ७क २०१० | ३१७ | |
| ४ | स्यानु चौधरी | घोराहि ३ झिङ्नी | ७क ६४८ | २७७ | |
| ५ | रोसन बुढाथोकी | घोराहि ३ झिङ्नी | ७क ७०३ | ९३ | |
| ६ | राम प्रसाद चौधरी | घोराहि ३ झिङ्नी | ७क ७०४, ७क १९९१ | ४१२ | |
| ७ | मनुवा चौधरी | घोराहि ३ झिङ्नी | ७क १२९६ | १५५ | |
| ८ | फकली थरुनी | घोराहि ३ झिङ्नी | ७क १२९५ | ११० | |
| ९ | जितमान चौधरी | घोराहि ३ झिङ्नी | ७क १९९२ | ३२९ | |
| १० | ईन्द्रकला रोका मगर | घोराहि ३ झिङ्नी | ७क १२९७ | १९३ | |
| ११ | दसुलाल चौधरी | घोराहि ३ झिङ्नी | ७क १९९३ | २९४ | |
| १२ | कलेशी चौधरी | घोराहि ३ झिङ्नी | ७क ७०२ | ९६ | |
| १३ | टेक कुमारी बस्नेत | घोराहि ३ झिङ्नी | ७क ७०१ | ५७० | |
| १४ | छुनुकु चौधरी | घोराहि ३ झिङ्नी | ७क ६४९ | ३२१ | |
| १५ | प्रभादेवी श्रेष्ठ | घोराहि १५ | घोराही (२) ३८२ | ५२ | घोराही उपमहानगरपालिका भित्र शहिद उमेश मार्ग अन्तर्गत घोराही १५ शहिदगेटदेखि नेपाल बैंक लिं शाखा कार्यालय घोराहीसम्मको बाटो निकासका लागि निजी जग्गा खरिद गर्नुपर्ने । |

निर्णय नं. ११

घोराही उपमहानगरपालिकाको नवौं नगरसभाबाट स्वीकृत कर्मचारी संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन २०७८ मा स्वीकृत भएका दरबन्दीहरु मध्ये रिक्त रहेका देहाय बमोजिमका तह, सेवा समूहहरुको पदसंख्या स्थायी पदपूर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेश मुकाम बुटवल र प्रदेश लोक सेवा आयोग बुटवलमा पठाउने । साथै प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आउने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा पछि बन्ने स्थानीय सेवाका कर्मचारी सम्बन्धी कानून बमोजिम हुने गरी स्थायी नियुक्ति दिने ।

तपसिल

| सि.नं. | पद | तह | सेवा समूह | जम्मा स्वीकृत स्थायी दरवन्दी संख्या | पदपूर्ति भएको स्थायी संख्या | जम्मा रिक्त संख्या | पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग गर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत | नवौ/ दशौं | प्रशासन/सा.प्र | ३ | १ | २ | २ | |
| २ | अधिकृत | नवौ/दशौं | प्रशासन, लेखा | १ | ० | १ | १ | |
| ३ | अधिकृत | सातौ/आठौं | प्रशासन/सा.प्रं | १३ | ५ | ८ | ८ | |
| ४ | आलेप अधिकृत | सातौ/आठौं | प्रशासन, लेखा | १ | ० | १ | १ | |
| ५ | इन्जिनियर | सातौ/आठौं | इन्जि, सिभिल विआर | २ | १ | १ | १ | |
| ६ | इन्जिनियर | सातौ/आठौं | इन्जि, सिभिल | २ | १ | १ | १ | |
| ७ | इन्जिनियर | सातौ/आठौं | इन्जि, सिभिल हाइवे | १ | ० | १ | १ | |
| ८ | नापी अधिकृत | सातौ/आठौं | इन्जि, सर्भे | १ | ० | १ | १ | |
| ९ | अधिकृत | सातौ/आठौं | न्याय, कानून | १ | ० | १ | १ | |
| १० | कम्प्युटर इन्जिनियर | सातौ/आठौं | विविध | १ | ० | १ | १ | |
| ११ | वातावरण निरिक्षक | सातौ/आठौं | विविध | १ | ० | १ | १ | |
| १२ | अधिकृत | छैटौं | प्रशासन/सा.प्र | ३० | १९ | ११ | ७ | |
| १३ | इन्जिनियर | छैटौं | इन्जि, सिभिल | २३ | २ | २१ | १५ | |
| १४ | इन्जिनियर | छैटौं | इन्जि/हाइवे | २ | ० | २ | २ | |
| १५ | इन्जिनियर | छैटौं | इन्जि/मेकानिकल | १ | ० | १ | १ | |
| १६ | कम्प्युटर अधिकृत | छैंटौं | विविध | १ | ० | १ | १ | |
| १७ | सहायक | पाँचौ | प्रशासन/सा.प्र | ३६ | १९ | १७ | १४ | |
| १८ | सहायक | पाँचौ | प्रशासन/लेखा | २१ | २ | १९ | १५ | |
| १९ | आलेप सहायक | पाँचौ | प्रशासन/लेखा | १ | ० | १ | १ | |
| २० | सहायक | पाँचौ | न्याय/ कानून | १ | ० | १ | १ | |
| २१ | सव-इन्जिनियर | पाँचौ | इन्जि/ सिभिल | २० | २ | १८ | १४ | |
| २२ | असिष्टेन्ट सव इन्जिनियर | चौथो | इन्जि/ सिभिल | १९ | २ | १७ | १२ | |
| २३ | प्रविधिक सहायक | पाँचौ | कृषि/खा.प्र.गु.नि. | १ | ० | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | सर्भेक्षक | पाँचौ | इन्जि/सर्भे | २ | १ | १ | १ | |
| २५ | सहायक केमिष्ट | पाँचौ | इन्जि, केमेस्टी | १ | ० | १ | १ | |
| २६ | तथ्याक सहायक | पाँचौ | तथ्यांक | २ | १ | १ | १ | |
| २७ | सहायक | चौथो | प्रशासन/सा.प्र | २४ | १४ | १० | ७ | |
| २८ | तामेलदार | चौथो | न्याय | १ | ० | १ | १ | |
| २९ | अमिन | चौथो | इन्जि, सर्भे | २५ | २ | २३ | १५ | |
| ३० | पशु चिकित्सक | सातौ, आठौं | कृषि, भेटनरी | १ | ० | १ | १ | |
| ३१ | कृषि इन्जिनियर | छैंटौं | कृषि, इन्जि | १ | ० | १ | १ | |
| | कूल जम्मा दरवन्दी | | | २४० | ७२ | १६८ | १३१ | |